# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

**काठमाडौं मार्ग २४ गते २०१४ साल**

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ७०

शिक्षासचिवालय-अन्तर्गत पाटन इन्टर कलेजलाई एक इतिहासको लेक्चरर चाहिएको छ। योग्य उमेदवारहरू प. स. क. फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट खोली फी दस्तुर मोरु ३। सहित तलको ठेगानामा पुग्ने गरी २०१४ साल माघ १४ गते रोज २ सम्ममा दरखास्त गर्नु होला। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएका दरखास्तउपर विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक गढी गौंडा गोस्वारामा पनि पाइन्छ।

पदको विवरण यस प्रकार छः-

१. पदः- लेक्चरर, गजेटेड, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः- इतिहास विषयमा एम्. ए. पास।

३. वाञ्छनीय योग्यताः- पहिला वा दोश्रा श्रेणीमा पास भएकालाई प्राथमिकता दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४· मासिक तलबको स्केल र भत्ता :- तलब मोरु १८०। देखि ३००। बिशेष भत्ता मोरु २०।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सार्भिस कमिशन
सिंहदरवार काठमाडौं नेपाल।

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं ६५ मा थप सूचना [ख]

बीरगञ्ज भेटेरिनरी अस्पताललाई १, कीर्तिपुर माललाई १, रकम वन्दोबस्त-लाई १, टेलिफोन हेडअफिसलाई १ नुवाकोट टेलिफोनलाई १, समेत जम्मा जूनियर क्लर्क जवान ५ चाहिएकोले २०१४ साल पौष ११ गते रोज ४ सम्ममा दरखास्त गनहोला भनी विज्ञापन नं· ६५ र ६५ [क] मा समेत प्रकाशित भएकोमा हाल फेरि भरहवा भेटेरिनरी डिस्पेन्सरीलाई १ र कुमारीचोक मध्येम पहिलालाई १ समेत जम्मा २ जू· क्ल· चाहिएकोले जम्मा जू· क्ल· को संख्या ७ पुगेको हुँदा २०१४।९।१९।४ सम्ममा दरखास्त दिनुहुन सूचना गरिएको छ।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन·
सिंहदरवार काठमाडौं नेपाल,

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं· ६७ थप सूचना [ख]

डाइरेक्टर स्वास्थ्यसेवा -अन्तर्गत। श्री महेन्द्र आयुर्वेदीय फिदिम औषधालयलाई हाकिम वैद्य चाहिएकोले उमेदवारहरूले २०१४।९।१६।२ सम्ममा दरखास्त दिनुहुन प. स. क. विज्ञापन नं· ६७ प्रकाश गरिएको थियो। श्री त्रिभुवन चन्द्र आयुर्वेदीय गोरखा औषधालयको सहायक वैद्य पदमा दर-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४५८

खास्त दिई अन्तर्वार्तामा, उपस्थित हुने उमेदवारको शैक्षिक योग्यता नपुगेबाट उक्त पदका निमित्त सहायक वैद्य १ जना र श्री महेन्द्र आयुर्वेदीय मेलबोट औषधालयलाई हा. वै. १ समेत हा. वै. २ जना र सहायक वैद्य १ आवश्यक भएकोले उमेदवारहरूले उक्त विज्ञापनको मिति २०१४।६।१६।२ सम्ममा दरखास्त दिनुहुन सूचना गरिएको छ ।

पदहरूको विवरण यस प्रकार छन् :--

१. पदः- हाकिम वैद्य १, सहायक वैद्य १, दुवै पद स्थायी तथा पेन्सन पाइने ।

२. मासिक तलब भत्ताः- तलब मोरु ५०। महँगी भत्ता मोरु १०।

३. आवश्यक न्यूनतम योग्यताः- सरकार स्वीकृत कुनै आयुर्वेदीय विद्यालय वा बिश्वबिद्यालयबाट आयुर्वेदीय मध्यमा वा सोसरह पास भएको ।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल,

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रमराज, शर्मा.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४२५

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।